## Topics = Accounting लेखा

### 1. लेखा प्रणालीको परिभाषा दिई लेखाका सिद्धान्तहरू उल्लेख गर्नुहोस् ? 10 marks

लेखा प्रणाली को परिचय :

लेखा भन्नाले कारोवारको सबै व्यहोरा देखिने गरी राखिएको अभिलेख, प्रमाण, खाता, वही र कागजात समेत आय व्ययको विवरण हिसाव वा गणनालाई जनाउँदछ भने प्रणालीले सो लेखा तयार गर्ने तरिका, विधि तथा पद्धतिलाई बुझाउँछ ।

कुनै पनि संस्थामा भएका आर्थिक कारोवारको पहिचान गरी त्यसलाई वैज्ञानिक र व्यवस्थित ढङ्गबाट अभिलेख राख्ने, वर्गीकरण गर्ने, सारांश निकाल्ने र सरोकारवाला समक्ष सूचना दिनको लागि वित्तीय विवरण वनाउने कार्यलाई लेखा भनिन्छ । नेपाल BFIS ले नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिका इ. प्रा. नं. ४ बमोजिम वैकिङ लेखा प्रणाली कायम गर्दछन् ।

**लेखाका सिद्धान्तहरू**

- मौद्रिक मूल्यमा व्यक्त गरिएका कारोवारको मात्र लेखा राख्न सकिने,
- लेखा राख्दा व्यवसाय र लगानीकर्ताको विचमा भिन्नता कायम गर्नुपर्ने,
- एकोहोरो लेखा प्रणालीको सिद्धान्त,

- दोहोरो लेखा प्रणालीको सिद्धान्त,
- नगदमा आधारित लेखा प्रणाली,
- प्रोदभावी लेखा प्रणालीको सिद्धान्त,
- लेखाराख्दा संस्था अनवरत रूपमा अविछिन्न हिसावले अनन्त कालसम्म चलिरहन्छ भन्ने मान्यतामा लेखा राख्नुपर्ने,
- आम्दानी खर्चको विचमा तालमेल भएको र कारोवारको मात्र लेखा राख्नुपर्ने,

- लेखा राख्दा बजार मूल्यमा नभई लागत मूल्यमा राख्नुपर्ने सिद्धान्त,
-हरेक १२ महिनालाई १ आर्थिक वर्ष मानेर लेखा राख्नुपर्ने सिद्धान्त ।

**निष्कर्ष:**

आर्थिक गतिविधिको अभिलेखन र प्रतिवेदन सँग सम्बन्धित विज्ञान तथा कलाको जोडको रूपमा लिइने लेखा प्रणालीलाई आर्थिक कारोवारको भाषा तथा ऐनाको रूपमा समेत लिने गरिन्छ जसका सिद्धान्तहरू लेखा राख्ने कार्यसँग सम्बन्धित विज्ञ वा संस्थाहरूले प्रतिपादन गरेका विचार, मान्यता, परम्परा वा धारणासँग सम्बन्धित छन्

**२. लेखा प्रणालीका सिद्धान्तहरू बारे प्रकाश पार्नुहोस् । दोहोरो लेखा प्रणालीद्वारा एकोहोरो लेखा प्रणालीलाई किन प्रतिस्थापन गरिएको हो ? कारणहरू उल्लेख गर्नुहोस् । ६+४ marks**

**लेखा प्रणालीका सिद्धान्तहरू :** लेखा राख्ने कार्य एउटा व्यवस्थित पद्धति हो । लेखा राख्ने क्रममा लेखाका सिद्धान्त र नियमहरूको पालना गर्नुपर्ने हुन्छ, लेखा प्रणलीका सर्वमान्य सिद्धान्तहरू निम्न छन् ।

**क) व्यवसायिक अस्तित्वको सिद्धान्तः** व्यवसाय र व्यवसायिक अस्तित्व फरक हुने हुँदा लेखा राख्दा व्यवसायको तर्फबाट राख्नुपर्दछ ।

**ख) निरन्तरताको सिद्धान्तः** संस्था निरन्तर दीर्घकालसम्म चलिरहन्छ भन्ने मान्यता राखि कारोवारहरूको लेखा राख्नु नै निरन्तरताको अवधारणा हो ।

**ग) मौद्रिक मापदण्डको सिद्धान्तः** मौद्रिक रूपमा मापन गर्न सकिने आर्थिक कारोवारको मात्र लेखा राख्नुपर्दछ ।

**घ) लागत सिद्धान्तः** लेखा राख्दा वास्तविक खर्च गरिएको वा लगात मूल्यको आधारमा राख्नुपर्दछ ।

**ङ) लेखा अवधिको सिद्धान्तः** लेखा राख्दा आर्थिक वर्ष  को आधारमा राख्नुपर्दछ ।

**च) आय प्राप्तिको सिद्धान्तः** जुन समयमा आर्थिक कारोवार हुन्छ सोही समयमा लेखा राख्नु पर्दछ ।

**छ) हिसाव मिलानको सिद्धान्तः** यस सिद्धान्त अनुसार एउटा अविधिको आम्दानीलाई सोहि अवधिको खर्चसँग मिलान हुने गरी आम्दानी र खर्च भएकै अवधिमा लेखा राख्नु पर्दछ ।

**छ) हिसाव मिलानको सिद्धान्तः** यस सिद्धान्त अनुसार एउटा अविधिको आम्दानीलाई सोहि अवधिको खर्चसँग मिलान हुने गरी आम्दानी र खर्च भएकै अवधिमा लेखा राख्नु पर्दछ ।

## दोहोरो लेखा प्रणालीद्वारा एकोहोरो लेखाप्रणालीलाई प्रतिस्थापन गर्नुका कारणहरू:

दोहोरो लेखा प्रणालीले संस्थाहरूले राख्ने एकोहोरो लेखा प्रणालीलाई विस्थापित गरी सबै संस्थाहरू संगसंगै विश्वभरी नै दोहोरो लेखा प्रणालीलाई स्थायित्व गरेको पाइन्छ । जसका कारणहरू निम्न छन्:

- एकोहोरो लेखा प्रणालीमा कारोवाहरूको अभिलेख मात्र हुने तर दोहोरो प्रभाव र वरावर प्रभाव देखिने गरी लेखा नराखिने भएकोले दोहोरो लेखा प्रणाली लागु गरियो,

- एकोहोरो लेखा प्रणालीमा कारोवाहरूको यथार्थ अवस्था प्रस्तुत नहुने भएकोले,

- डेबिट र क्रेडिटका नियमको पालना नहुने भएकोले,

-निश्चित नियम र सिद्धान्तमा आधारित नहुने,

-कारोबारको आवश्यकता अनुसारको विवरण तयार नहुने,

-सबै संगठनका लागि अनुपयुक्त,

- सम्पूर्ण खाताहरूको अभिलेख नराख्ने ।

निष्कर्ष,

उल्लेखित कारणहरूले गर्दा एकोहोरो लेखा प्रणालीलाई प्रतिस्थापन गरी वैज्ञानिक र व्यवस्थित ढंगले, पूर्ण निश्चित सिद्धान्तमा आधारित रहि अभिलेख राख्ने गरी दोहोरो लेखा प्रणालीको विकस गरिएको थियो ।

## ३. लेखाको आधारभूत सिद्धान्त भेनको के हो ? दोहोरो लेखा प्रणालीबाट के फाइदाहरू छन् । उल्लेख गनुहोस् । १० marks

लेखालाई कारोवाहरूको अभिलेख र प्रस्तुतीको रूपमा बुझिन्छ । लेखा निश्चित सिद्धान्तहरूको आधारमा राख्ने गरिन्छ । लेखा राख्दा विभिन्न नियम, प्रचलन, अभ्यास तथा अवधारणाहरूलाई आधार मानी लेखा राख्ने गरिन्छ जसलाई नै लेखाको आधारभूत सिद्धान्त भन्ने गरिन्छ ।

### यसका आधारभूत सिद्धान्तहरू :

- दोहोरो प्रभावको सिद्धान्त,
- व्यवसायिक अस्तित्वको सिद्धान्त,
- आर्थिक वर्षको सिद्धान्त,
-लागतको सिद्धान्त,

-उद्देश्यपूर्ण सिद्धान्त
- पूर्ण विवरणको सिद्धान्त
- प्रचलनको सिद्धान्त
-मौद्रिक मापनको सिद्धान्त
- निरन्तरता तथा वास्तविकताको सिद्धान्त

दोहोरो लेखाप्रणाली भन्नाले दोहोरो प्रभाव र वरावर प्रभाव देखिने गरी कारोबारको अभिलेख राख्ने प्रणालीलाई बुझिन्छ ।

**यसका फाइदाहरू** :

- कारोबारको पूर्ण अभिलेख राख्नका मद्दत गर्दछ,
- कारोबारहरूको यर्थाथ अवस्था देखिने,
-विभिन्न Book account हरू तयार हुने,

- अन्तिम खाता तयार पार्न सहयोगी हुन्छ,
- गल्ती तथा अन्य अनियमितताहरू कमगर्न सहयोग गर्दछ, - बैज्ञानिक प्रणाली,
- विश्वसनीयता,

- कारोबारहरूको नियन्त्रण,
-व्यवस्थापनलाई आवश्यक सूचना जानकारी उपलब्ध हुने

**निष्कर्षमा**

व्यवस्थित ढङ्गबाट संस्थाको समपूर्ण कारोबारहरूलाई अभिलेख खाख्ने तथा कारोबारहरूको यर्थाथ प्रतिवेदन उपलब्ध गराउने कार्यलाई लेखा भनि सम्झनुपर्दछ । व्यवस्थित लेखा वित्तीय विवरणलाई पूर्णता दिने पहिलो महत्वपूर्ण कार्य हो ।

## 4. दोहोरो लेखाप्रणली भनेको के हो ? यसका फाइदा तथा वेफाइदाहरूबारे व्याख्या गर्नुहोस् । 10 make

दोहोरो लेखाप्रणाली :

निश्चित नियम र सिद्धान्तको अनुसरण गरेर व्यवसायको सम्पूर्ण वित्तीय कारोबारहरूलाई डेविट व्यवसायको सम्पूर्ण वित्तीय कारोवारहरूलाई डेविट पक्ष र क्रेडिट पक्ष गरि दुई स्थानमा अभिलेख राख्न प्रयोग गरिने लेखा प्रणाली नै दोहोरो लेखा प्रणाली हो । अर्को शब्दमा, हरेक आर्थिक कारोबारको दुई पक्षिय प्रभाव पर्ने गरी अभिलेख राख्नुपर्दछ भन्ने लेखाको आधारभूत, आधुनिक, वैज्ञानिक तथा व्यवस्थित सिद्धान्तलाई दोहोरो लेखा प्रणाली भनिन्छ ।

सन् १४९४ मा Luca De pecioli ले आफ्नो पुस्तक "Summa de Arithematica" Hd Accounting of venice शीर्षकमा दोहोरो श्रेस्ता प्रणालीको प्रादुर्भाव गरेका हुन् जसलाई नेपालको सरकारी प्रणालीमा वि स २०१८ चैत २ गतेबाट प्रयोगमा ल्याइएको हो । यो आर्थिक कारोबारको डेविट र क्रेडिट प्रभाव वरावरी पार्ने, सम्पत्ति वरावर दायित्व र पुँजी ( Assets = Capital + - (Liabilities) हुनुपर्दछ भन्ने सिद्धान्तमा आधारित छ ।

### दोहोरो लेखा प्रणालीका फाइदाहरू

-प्रत्येक कारोबारको पूर्ण अभिलेख राख्दछ,
-व्यवसाय सञ्चलनको नतिजा पत्ता लगाउँदछ,
- वित्तीय स्थिति प्रस्तुत गर्दछ,
- अंक गणितीय शुद्धताको जाँच गर्दछ,
- तुलना गर्न सहयोग गर्दछ

## दोहोरो लेखा प्रणालीको वेफाइदाहरू

- बुझ्न कठिन तथा झन्झटिलो अभिलेख व्यवस्थापन,
-खर्चिलो लेखा विधि,
- समय धेरै खपत गर्ने,
-साना संस्थाको लागि अनुपयुक्त
- केही गल्तीहरू व्यक्त गर्न असफल भएको पाइन्छ ।

**निष्कर्ष:**

दोहोरो लेखा प्रणाली बुझ्न कठिन, झण्झटिलो, खर्चिलो, समय धेरै लाग्ने जस्ता अवगुणले भरिएपनि लेखा समिकरण वनाउने, लेखामा पारदर्शिता कायम गरी अंक अणितिय अंशुद्धता न्यूनीकरण गर्दै विश्वासिलो लेखा व्यवस्था कायम गरेर सहयोग पुराइरहेको छ ।

**५. दोहोरो लेखाप्रणालीका मुख्य मुख्य विशेषताहरू उल्लेख गर्दै यसका कमजोरीका बारेमा चर्चा गर्नुहोस् ।**

दोहोरो लेखा प्रणाली

हरेक आर्थिक कारोवारको दुई पक्षिय प्रभाव पर्ने गरी अभिलेख राख्नु पर्दछ भन्ने लेखाको आधारभूत, आधुनिक, वैज्ञानिक तथा व्यवस्थित सिद्धान्तलाई दोहोरो लेखा प्रणाली भनिन्छ ।

यसले डेविट र क्रेडिट वरावरी पार्ने गरी सम्पत्ति वरावर दायित्व र पूँजी (Assets = capital + liabilities) हुनुपर्दछ भनी लेखामा पारदर्शिता कायम गरी अंकगणितीय शुद्धता तथा विश्वासनीयता कायम गर्न सहयोग पुऱ्याउँदछ ।

**दोहोरो लेखा प्रणालीका विशेषता**

- आर्थिक कारोवारको वरावरी प्रभाव पर्नेगरि लेखा राख्नुपर्ने अवधारणा,
- दोहोरो प्रभाव हुनुपर्ने,
-वैज्ञानिक र विश्वव्यापी लेखा विधि,

- आधुनिक लेखाको सिद्धान्त,
- गल्ती पत्ता लगाउन सहयोगी,
- व्यक्तिगत खाता, वास्तविक खाता र अवास्तविक खाता लेखाको वर्गीकरण तथा डेविट क्रेडिटको लागि नियम तर्जुमा गर्न सहज,

## दोहोरो लेखा प्रणालीका कमजोरी

-कठिन तथा झन्झटिलो अभिलेख व्यवस्था,
-बुझ्न असजिलो,
- खर्चिलो लेखा विधि,
- समय धेरै खपत गर्ने,
- साना संस्थाको लागि अनुपयुक्त,
- निश्चित नीति, नियम, मान्यताहरूमा आधारित रहेर तयार गर्नुपर्ने भएकोले समय धेरै लाग्ने हुन्छ,

- दोहोरो लेखा प्रणाली तयार गर्न दक्ष जनशक्ति सीपको आवश्यकता पर्ने भएकोले खर्चिलो लेखा विधि मानिन्छ,
- वढि खर्चिलो लेखा विधि भएकोले घरेलु उद्योग तथा साना संस्थाहरूको लागि उपयुक्त मान्न सकिंदैन,

**निष्कर्ष:**

दोहोरो लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त विश्वासनीय, सर्वस्विकार्य, व्यवस्थित, वैज्ञानिक पूर्ण र आधुनिक लेखाप्रणाली मानिन्छ । नेपालमा बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन नं. ४ अनुरूपकेन्द्रीयबैंकले जारी गरेको ढाँचामा दोहोरो लेखा प्रणालीको सिद्धान्तमा लेखा राख्ने गर्दछन् ।

## ६. वाणिज्य बैंकमा दोहोरो लेखा प्रणालीको किन महत्वपूर्ण स्थान रहन्छ ? 10 marks

दोहोरो लेखा प्रणालीसबै संस्थामा महत्वपूर्ण मानिन्छ । वित्तीय कारोबारको पहिचान, वर्गीकरण सारांस निकाल्न र सरोकारवाला पक्षलाई जानकारि गराउन सबै संगठनहरूमा र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरूमा यसको प्रयोग अनिवार्य गर्न नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशन नम्बर ४ मा समेत नीतिगत, व्यवस्था गरेको छ जसअनुसार वाणिज्य बैंकहरू नेपालको अर्थतन्त्रमा ठूलो पुँजि संरचना, वृहत कार्यक्षेत्र, धेरै सरोकारवालाहरू हो स्वार्थ भएका संस्था रहेका हुदा यिनीहरूमा अन्य संस्थाको भन्दा केहि धेरै दोहोरो लेखाप्रणालीको प्रयोग आवश्यक मानिन्छ जसका कारणहरू

**निम्नाअनुसार रहेका छन् :**

-दोहोरो लेखा प्रणालीलाई लेखामान र कानूनि हिसावले सबैले स्विकार गरेको हुनाले विश्वासीलो प्रणाली,

-डेविट र क्रिडिटको नियम पालना गरी कारोवारको दुई पक्षिय

प्रभाव देखाइ कारोवारलाई पूर्णता प्रदान गर्ने भएकाले,

- दोहोरो लेखा प्रणालीमा कारोबारको अभिलेख राखि प्रतिवेदन तयार पार्न सकिने गुण भएकाले,

- लेखा समिकरण तयार पारि Assets = Liabilities + capital को आधारमा वित्तीय पारदर्शिता प्रदान गर्ने हुदा,

-नेपाल राष्ट्र बैंकले समेत मान्यता प्रदान गरिएको विधि हुनाले,

-Core banking system को सञ्चालन व्याज गणना गर्न सहज Basel का प्रावधानको कार्यन्यन पुँजिकोषको गणना र राष्ट्र बैंकलाई समयमा Reporting गर्ने विधि भएकाले आदि ।

**निष्कर्ष:**

माथि उल्लेखित गुणका कारण वाणिज्य बैंकमा यसको प्रयोग महत्वपूर्ण मानिन्छ तथापि यो विधि बुझन कठिन, खर्चिलो झन्झटिलो, समय लाग्ने, सानो संगठनको लागि अनुपयुक्त जस्ता आवगुणहरू पनि छन् । यस्ता अवगुणहरूको सुधार गर्दै NFRS र IFRS को प्रावधान अनुसार एकीकृत कारोबार गरी वित्तीय विवरणमा एकरूपता हुने गरी Record राख्न दोहोरो लेखा प्रणाली रामवाण सिद्ध भएको छ ।

## ७.सानो नगदीकोष भनेको के हो ? यो किन र कसरी सञ्चालन गरीन्छ ? ( 10 marks )

**सानो नगदी कोष**

कार्यालयमा हुने सानातिना खर्चहरूका लागि चेकबाट भुक्तानी गर्नु व्यवहारिक र सजिलो नहुने साथै यस्ता सानातिना खर्चका लागि विभिन्न प्रक्रिया पुरा गरी एकै दिनमा धेरै चेक काट्न कार्यालयका लागि भन्झटिलो हुने भएकोले,यस्ता कारोबारको अभिलेख विशेष रूपमा तयार पारेर राखिन्छ जसलाई सानो नगदी कोष भनिन्छ ।

सानो नगदी कोषसम्बन्धी सम्पूर्ण कारोबारहरूको अभिलेख राख्न प्रयोग गरिने पुस्तिकालाई सानो नगदी कोष पुस्तिका भनिन्छ । सानो नगदी कोषको जिम्मेवारी लिने कर्मचारीलाई खुद्रा खजाञ्ची समेत भनिन्छ ।

### सानो नगदी कोष कसरी सञ्चालन गरिन्छ ?

-सानो नगदी कोषका लागि कटिएको चेक प्राप्त गर्ने र प्राप्त चेकलाई सानो नगदी कोष पुस्तिकामा प्रविष्टि गर्ने,
-अधिकार प्राप्त व्यक्तिले स्वीकृति दिएअनुसार सानातिना नगद खर्चहरूको भुक्तानी गर्ने,

-सानो नगदी कोषबाट भएका खर्चहरूको लागि नगद सोध भर्ना प्राप्त गर्ने,
-सानो नगदी कोष पुस्तिका राख्न,

### सानो नगदी कोष किन सञ्चालन गरिन्छ ?

-सानो नगदी कोष निम्नानुसारका कार्यहरूका लागि सञ्चालन गरिन्छ ।
-सानातिना खर्चहरू चेकबाट भुक्तानि गर्न नमिल्ने खर्चहरूको अभिलेख राख्न,

-बैंकले निश्चित सीमाभन्दा तलको रकमका लागि चेक स्वीकार नगर्ने भएकाले सानो नगदी कोष सञ्चालन गरिन्छ ।
-निश्चित रकमको चेक काटी सानो नगदी कोषबाट साना तिना नगद खर्चहरू भुक्तानी गर्न,

**८)"सानो नगदी कोष पुस्तिका" (Petty cash fund) को सम्बन्धमा के थाहा छ ? संक्षेपमा वर्णन गर्नुहोस् । 10 marks**

## सानो नगदी कोष पुस्तिका

व्यवसाय सञ्चालनका क्रममा दिनहुँ विभिन्न खर्चहरूको लागि भुक्तानी गर्नुपर्ने हुन्छ । सानातिना खर्चहरू जस्तै वसभाडा, चियापान, हुलाक खर्च, मसलन्द खर्च मर्मत सम्भार, टेलिफोन महसुल आदिको लागि व्यवसायबाट चेक जारी गर्नु पनि उपयुक्त हुँदैन । साथै प्रत्येक पटक यस्ता सानातिना खर्चको लागि चेक जारी गर्नुपनि सम्भव हुँदैन ।

यस्ता सानातिना खर्चहरूको भुक्तानी नगदमा नै गर्ने उद्देश्यले कार्यालयका कुनै कर्मचारीको जिम्मामा एक निश्चित रकमको कोष खडा गरिन्छ, जसलाई "सानो नगदी कोष" सम्झनु पर्दछ ।

सानो नगदी कोषमा प्राप्त भएको रकम र सो कोषबाट भएको खर्चहरूको व्यवस्थित रूपले अभिलेख राख्नको लागि प्रयोग गरिने नगद पुस्तिकालाई सानो नगदी पुस्तिका भनिन्छ ।

सानो नगदी कोषको रकम व्यवसायको आकारमा भर पर्दछ तापनि सामान्यतया रु. ५०० देखि रु. ५००० रकमबाट कोष संचालन गर्न सकिन्छ ।

## सानो नगदी कोषको सहायताले

–संघ संस्थाले साना तिना शीर्षकहरूमा भएको भुक्तानीको छुट्टै र व्यवस्थित रूपमा अभिलेख राख्न सक्दछ ।

–मुख्य खजान्जीको कामको बोझ कम हुन्छ ।

–चेकबाट भुक्तानी गर्नुपर्ने अवस्थालाई हटाई खर्च रकमको भुक्तानीमा व्यवहारिकता ल्याउँछ ।

–साना खर्चहरूको पनि व्यवस्थित अभिलेख राखिने हुनाले नगद कारोवारहरूको प्रभावकारी प्रवन्ध र नियन्त्रण गर्नमा सघाउ पुऱ्याउँछ ।

**निष्कर्ष:**

कार्यालयमा सानातिना खर्चहरूको व्यवस्थित अभिलेखमा श्रम विभाजन गराई एक निश्चित अवधिमा गरिएको भुक्तानीको रकमबारे अद्यावधिक र शिघ्र सूचना उपलब्ध गराउन सानो नगदी पुस्तिकाको महत्व रहन्छ ।

## 9.बैंक नगदी किताब भनेको के हो ? बैंक नगदी किताबमा कारोवारको प्रविष्टि गर्ने विधिहरू के के हुन् ? 10 marks

**बैंक नगदी किताव**

सरकारी श्रेष्ता प्रणाली अन्तर्गत नगद बैक र बजेट खर्चको नियमित र व्यवस्थित अभिलेख राख्न तयार पारिने विवरणलाई बैंक नगदी किताव भनिन्छ । यसमा दैनिक रूपमा विभिन्न स्रोतबाट प्राप्त हुने र भुक्तानी हुने नगद बैंकमा जम्मा भएको रकम र बैंकबाट भुक्तानी गरिएका रकमहरू विभिन्न शीर्षकहरूमा गएको पेश्की तथा फछ्यौट भएको पेश्की लगायत वजेट खर्च सम्बन्धि अभिलेख राखिन्छ ।

–बैंक नगदी किताव वारेमा म ले प फा न. २०९ मा व्यवस्था गरिएको छ । यसमा जम्मा १८ वटा महलहरू हुन्छन् ।

–यो कार्यसञ्चालन स्तरको नयाँ श्रेष्ता प्रणालीको गोश्वारा खाता हो । यसमा नगद, बजेट खर्च, पेश्की र विविध गरी जम्मा ५ भाग हुन्छन् ।

### बैंक नगदी कितावमा कारोवारको प्रविष्टि गर्न विधिहरू बैंक नगदी किताव तयार पनि नियमहरू निम्नानुसार छन्

**(क) गोश्वारा भौचर विना बैंक नगदी किताबको तयारी**

–नगद प्राप्त भएमा नगद (तहविल) को डेविटमा र नगद भुक्तानी भएमा नगदको क्रेडिट पक्षमा प्रविष्टि गरिन्छ,

–बैंकमा रकम जम्मा भएमा बैंकको डेविट र बैंकवाट रकम भुक्तानी भएमा क्रेडिट पक्षमा देखाइन्छ,

–बजेट खर्च भएमा बजेट खर्च महलमा प्रविष्टि गरिन्छ । तर महलमा क्रेडिट पक्षको व्यवस्था नभएकोले खर्च घटेमा वा क्रेडिट गर्नुपरेमा सोही महलमा ( कोठामा ) लेखिन्छ ।

–बजेटखर्चसँग सम्बन्धित नभएका शीर्षकहरू जस्तै बजेट निकासा, चालु कोष निकासा, सानो नगदी कोष सापटी धरौटी आदिलाई विविध महलमा देखाइन्छ,

**(ख) गोश्वारा भौचरको सहायताले बैंक नगदी किताबको तयारी**

--गोश्वारा भौचर तयार पारेर बैंक नगदी किताब तयार पार्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ,

–नगद वा बैंकको प्रारम्भिक मौज्दातका लागि गोश्वारा भौचर तयार पारिदैन ती कारोवारहरूलाई एकैचोटी सुरु मौज्दातको रूपमा बैंक नगदी किताबको बाँकी महलमा मात्र देखाइन्छ,

–सम्बन्धित महिनाको वजेट निकासा भएमा सोको र वाँकी सबै खर्च तथा अन्य कारोवारहरूको गोश्वारा भौचर तयार पारिन्छ,

–गोश्वारा भौचर अनुसार गोश्वारा भौचरको डेविटमा भएका खाताहरूको रकम बैंक नगदी किताबको डेविट महल (जो सँग सम्बन्धित छ) र गोश्वारा भौचरमा क्रेडिट भएका खाताहरूलाई बैंक नगदी किताबको पनि क्रेडिट महलमा देखाइन्छ,

–नगद, बैंक र वजेट खर्चसँग सम्बन्धित र कारोवारहरूलाई मात्र बैंक नगदी किताबमा देखाइन्छ ।

## 10.बैंक नगदी किताब र पास बुकको मौज्दातमा (Balance) फरक पर्ने कारणहरू केके हुन सक्छन् ? बुदागत रूपमा उल्लेख गर्नुहोस् । 10 marks

ग्राहक र बैंक विच आर्थिक कारोवार छुट हिसाव मिलान गर्नुको लागि ग्राहक book को व्यवस्था हुन्छ जसअन्तर्गत हिसाव मिलन गर्नुपर्दछ ।

**यसमा फरक पर्ने कारणहरू:**

-चेक जारी भएको तर लागि बैंकमा पेश भई नसकेको,
-बैंकमा सिधा रकम जम्मा भएमा,
-चेक dishnour भएमा,
-आदेश अनुसार बैंकले रकम भुक्तानी गरेमा,
-बैंक खातामा व्याज प्राप्त भएमा,
-खाताबाट कर कट्टी गरिएमा,
-बैंक खाताबाट ATM शुल्क कमिसन charge जस्ता रकम कट्टा गरेमा,
-आर्थिक कारोवारहरू under charge र overcharge को रूपमा posting भएमा,
-व्याज तथा लाभांस ग्राहकको तर्फबाट बैंकले असुल गरेमा,
-नीयति वस (intencally ) गल्ती गरेमा,

**तसर्थ,**

बैंक नगदी किताव र पास बुकको हिसाव मिलानबाट संस्थाको कारोवारको यर्थाथ अवस्था पत्ता लगाउन लिन र दिन बाँकी अवस्था देखाउन सहयोग गर्दछ ।

## 11. सन्तुलन परीक्षण भन्नाले के बुझ्नुहुन्छ ? यसको उद्देश्य र महत्वमाथि प्रकाश पार्नुहोस् । १० marks

व्यवसायका वित्तीय कारोवारहरूलाई गोश्वरा भौचरबाट खातावहिमा सरोट गरिसकेपछि हिसाव किताबको अंकगणितीय शुद्धता जाँच गर्न, अन्तिम खाताको तयारीमा सघाउ पुऱ्याउन, खातावहिहरूको कुल योग वा मौज्दातहरूबाट कुनै निश्चित समयको लागि तयार पारिने विवरणलाई सन्तुलन परीक्षण भनिन्छ ।

कुनै पनि अवधिको अन्त्यमा खातावहिको मौजदातको सहयोगबाट कुनै एक अवधिको आन्तरिक डेविट र क्रेडिट बरावर छ वा छैन भन्ने थाहा पाउनका लागि तयार गरिएको विवरणलाई सन्तुलन परीक्षण भनिन्छ ।

**यसलाई:**

–लेखा चक्रमा अभिलेखन र प्रतिवेदनलाई जोड्ने पुलको रूपमा लिइन्छ ।

–यसलाई आर्थिक कारोवारको सारंशा पनि भनिन्छ ।

–सन्तुलन परीक्षण खाताबहिबाट लिइएको डेबिट र क्रेडिट मौज्दातको सूचि हो, साथै नगद र बैंकको बाँकि (balance) पनि समावेश हुन्छ ।

**सन्तुलन परीक्षणको उद्देश्य र महत्वलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।**

-व्यवसायिक कारोवारहरूको अंकगणितीय शुद्धताको जाँच गर्नु,
-मूल्याङ्कन गरी व्यवसायका सबै वित्तीय कारोवारहरूलाई सारांशमा प्रस्तुत गर्नु,

-लेखात्मक एवम् गणितीय शुद्धता प्रमाणित गरी अन्तिम खाता तयार पार्नमा सहयोग,
-एकै ठाउँमा आयगत र पुँजीगत प्रकृतिका कारोवारलाई प्रस्तुत गर्न,

-अभिलेख र बहिखातामा आएका त्रुटिहरू पत्ता लगाउन,
-आन्तरिक नियन्त्रणप्रणालीलाई चुस्त, दुरुस्त र मितव्ययि वनाउनमा सहयोग,

-दोहोरो प्रविष्टि सम्बन्धि गल्तिहरू पत्ता लगाई सुधार गर्न,
-व्यवस्थापकिय निर्णय प्रक्रियालाई टेवा पुयाउँनमा मद्दत पुऱ्याउदछ,
-जवाफदेहिता र जिम्मेवारीताको संस्कार बसाल्नमा सहयोग ।

**निष्कर्ष:**

यसरी आर्थिक कारोवारको साथ वा निचोडलाई सन्तुलन परीक्षण सम्झनुपर्दछ । यसलाई त्रुटिरहित बनाउनको लागि चेकर, मेकरको धारणालाई कार्यन्वयन गरी ग्राहकको गुनासोलाई सहज रूपमा स्विकार गरी जवाफदेहिता र मितव्ययिता कायम गर्न सकिन्छ ।

**12) सन्तुलन परीक्षण भन्नाले के बुझ्नुहुन्छ ? सन्तुलन परीक्षणमा दुवै पक्षको योग समान हुनु किन आवश्यक छ ? 10 marks**

सन्तुलन परीक्षण डेबिड र क्रेडिट मौज्दानहरूको सुचि हो जुन खाताबन्दीहरू लिएका हुनछन् र यसमा नगद मौज्दात र बैंक मौज्दात समेत समावेश गरिन्छ ।

आर्थिक कारोबारको सारांश प्रस्तुत तयार पारिने सेतुलाई नै सन्तुलन परीक्षण भनिन्छजसले लेखाको book keeping र Reporting लाई जोड्ने काम गर्दछ ।

**सन्तुलन परीक्षणमा दुवै पक्षको योग समान निम्न कारणले हुन आवश्यक छ,**

–खाताहरूको अंकगणितीथ शुद्धता परीक्षण गर्न अन्तिम खाता तथा वित्तीय प्रतिवेदन तयार गर्ने,

–लेखा सम्बन्धि गल्तीहरू पहिचान गरी सो शन्ति नदोहोरिनको लागि सतर्कता कायम गर्नु,

–लेजरको लिएर लाई प्रस्तुत गर्न,

–आर्थिक कारोवारको सारांश निकाल्दै एकै पटक पूजीगत र आयगत प्रकृतिका कारोवारको अभिलेख राख्नु,

–Book keeping and reporting लाई जाडेदै Accounting लाई सहजिकरण गर्न,

**तसर्थ,**

सन्तुलन परीक्षण संस्थाको आर्थिक कारोवारहरूको अकगणितीय शुद्धता जांच गरी सस्थामा पार्देशिता जवाफदेहिता आर्थिक अनुशासन कायम गर्न औजारको रूपमा कार्य गर्दछ ।

## 13.सन्तुलन परीक्षण किन गरिन्छ ? सन्तुलन परीक्षणका विधिहरू उल्लेख गर्दै सन्तुलन परीक्षणबाट पत्ता लगाउन सकिने गल्तीहरू र पत्ता लगाउन नसकिने गल्तिहरू उल्लेख गर्नुहोस् । 10 marks

**सन्तुलन परीक्षण**

सन्तुलन परीक्षण भन्नाले आर्थिक कारोवारको सारांश निकाल्ने विवरणलाई बुझिन्छ, जसले book keeping र reporting लाई जोड्ने सेतु (bridge) की भूमिका निर्वाह गरेको हुन्छ ।

### सन्तुलन परीक्षण तयार पार्नुका कारणहरू

सन्तुलन परीक्षण तयार पार्नुपर्ने कारण वा यसको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

–अंक गणितीय शुद्धता जाँच गर्न,
–खाताहरूको संख्या थाहा पाउन,
–कारोवारको सारांश निकाल,
–सहजताका साथ वित्तीय विवरण तयार पार्न,
–लेखा परीक्षणलाई सहयोग पुयाउन,
–पारदर्शिता, वित्तीय अनुशासन, संस्थागत सुशासन कायम गर्न ।

### सन्तुलन परीक्षणका विधिहरू

(a) **कुल मौज्दात विधिः** सन्तुलन परीक्षण बनाउँदा ledger को debit total र credit total रक्कम सारेर तयार पारिने विधि ।

(b) **खुद मौज्दात विधिः** प्रत्येक ledger को debit र credit को फरक रकम अर्थात् closing balance मात्र राखेर सन्तुलन परीक्षण तयार पारिने विधि |

(c) **मिश्रित विधिः** प्रत्येक ledger को कुल मौज्दात र खुद मौज्दात दुवै राखेर सन्तलन परीक्षण तयार गरिने विधि |

## सन्तुलन परीक्षणबाट पत्ता लाग्ने गल्ती

-जर्नल भौचरको डेविट र क्रेडिट वरावरी नभएमा,
-जर्नलबाट ledger मा posting गर्दा विग्रीएमा,
-लेजरको डेविट र क्रेडिटको जोड गलत भएमा,
-लेजरबाट सन्तुलन परीक्षण रकम सार्दा फरक परेमा,
-सन्तुलन परीक्षणको डेविट र क्रेडिटको विग्रिएमा ।

## सन्तुलन परीक्षणबाट पत्ता नलाग्ने गल्तीहरू

(a) **सैद्धान्तिक गल्ति:** लेखाका आधारभूत सिद्धान्त पालना नगरि राखिएका गल्ति ।

(b) **छुट सम्बन्धि गल्ति:** Journal voucher तयार पार्दा रकम दुवै पक्ष डेविट र क्रेडिटमा चढाउन छेटेको गल्ति ।

(c) **प्राविष्टि सम्बन्धि गल्ति:** गलत पोष्टिङ एउटाको खातामा चढाउनुपर्ने हिसाव अर्कोको खातामा चढाउने गल्ति ।

(d) **दोहोरो गल्ति:** एउटै खाता दुई वा सो भन्दा बढी पटक दुवै पक्षमा (डेविट र क्रेडिटमा) चढाइएको गल्ति ।

(e) **पूरक गल्ति:** एउटा खातामा गरिएको गल्ति ढाँकछोप गर्न अर्को खातामा गरिएको गल्ति ।

**निष्कर्ष:**

सन्तुलन परीक्षणको दुवै पक्ष बरावरी हुनु भनेको अंक गणितीय गल्ति छैन भन्नु मात्र हो, सन्तुलन परीक्षणले समेत पत्ता लगाउन नसक्ने गल्तिहरूलाई आन्तरिक लेखापरीक्षण, वाह्य लेखा परीक्षण हुँदै अन्तिममा ग्राहकको गुनासोबाट त्यसलाई सुधार्न सकिन्छ ।

**14.नाफा नोक्सान खाताको महत्वबारे प्रकाश पार्दै कुलनाफा र खुद नाफा विचको भिन्नता उल्लेख गर्नुहोस् । 5+5 marks**

**नाफा नोक्सन खाता,**

कुनै पनि संस्थाको निश्चित समय अवधिमा भएका आम्दानी खर्च फाइदा तथा घाटालाई देखाएर तयार परिने तथा आयगत प्रकृतिका कारोबार समेटिने एक प्रकारको सांकृतिक खातालाई नाफा नोक्सान खाता भनिन्छ ।

**महत्व**

संस्था सञ्चालनबाट सिर्जना हुने कुल नाफा वा खुद नोक्सान निर्धारण गर्नु नाफा नोक्सान खाताको मुख्य महत्व रहेको हुन्छ भने यसका अन्य महत्व लाई निम्न बुँदा बाट प्रकाश पर्न सकिन्छ,

-विभिन्न समयाबधिको नाफा र लागतको तुलना गर्न मद्दत गर्दछ,

-नाफा योग्यता सम्बन्धि विभिन्न अनुपातहरू निर्धारण गर्दछ,
-खर्च नियन्त्रणमा सहयोग पुऱ्याउदछ,

-वासलात तयार गर्नमा सहयोग पुऱ्याउदछ,
-लेखा चक्रलाई पूर्णता प्रदान गर्दछ,
-वित्तीय विवरणलाई पूर्णता दिन्छ,
-लेखा परीक्षणलाई सहयोग गर्दछ,
-आन्तरिक नियन्त्रणप्रणाली मजबुत बनाउछ,
-वित्तीय अनुशासन मार्फत संस्थागत शुसासन कायम राख्न मद्दत गर्दछ ।

# कुल नाफा र खुद नाफा विचको भिन्नता

## कुल नाफा

१.कुनै पनि वस्तु वा सेवाको खरिद मूल्य र विक्रि मूल्यको फरकलाई कुल नाफा मनिन्छ,

## खुद नाफा

१.कुल नाफा र अप्रत्यक्ष खर्चहरूको फरकलाई खुद नाफा भनिन्छ ।

| कुल नाफा | खुद नाफा |
|---|---|
| कुनै पनि वस्तु वा सेवाको खरिद मूल्य र विक्रि मूल्यको फरकलाई कुल नाफा भनिन्छ, | कुल नाफा र अप्रत्यक्ष खर्चहरूको फरकलाई खुद नाफा भनिन्छ। |
| यो व्यापार खाताबाट निकालिन्छ, | यो नाफा नोक्सान हिसाब खाताबाट निकालिन्छ। |
| यो वास्तविक नाफा होइन यसले समग्र मुनाफा देखाउँदैन। | यो वास्तविक नाफा हो, यसले समग्र मुनाफा देखाउदछ। |
| यसले लागत तथा विक्रि प्रभावकारीता देखाउदछ | यसले कार्य सञ्चालन प्रभावकारीता देखाउदछ |
| यो नाफालाई नाफा नोक्सान खातामा Transta गरिन्छ। | खुद नाफालाई Balance sheet मा हस्तान्तरण गरिन्छ |
| सम्पूर्ण आम्दानी र खर्चको प्रतिनिधित्व नगर्ने हुँदा यसले व्यवसायको यथार्थ सञ्चालन अवस्था व्यक्त गर्न सक्दैन। | सम्पूर्ण आम्दानी र खर्चको प्रतिनिधित्व गर्ने हुँदा यसले व्यवसायको यथार्थ नाफा नोक्सानको स्थिति कुल्यांकन गर्नमा खुद नाफाले मद्दत गर्दछ। |

**अतः**

कुनै पनि व्यवसायको विगत, वर्तमान हेर्दै भविष्यको आंकलन गर्न नाफा नोक्सान खाताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ जसबाट संस्था वा व्यवसाय सञ्चालनमा निरन्तरता दिने वा नदिने लगानी गर्ने वा नगर्ने जस्ता निर्णय लिन सकिन्छ ।



**15.वासलात भनेको के हो ? वाणिज्य बैंकको वासलातको दायित्वतर्फ रहने शीर्षक को बारेमाव्याख्या गर्नुहोस् ।**

**वासलात (Balance sheet )**

कुनै पनि व्यवसायको निश्चित समय विन्दुको सम्पत्ति, दायित्व र पुँजीको यथार्थ चित्रण गर्ने विवरण नै वासलात हो । संस्थाको वित्तीय हैसियत देखाउने भएकोले यसलाई financial position indicator पनि भनिन्छ । जसको निर्माण लेखा समिकरण अनुसार गर्नुपर्दछ ।

–Debit र Credit नहुने वासलातले पुँजीको संरचनालाई देखाउने लिनुपर्ने र दिनु पर्ने शीर्षकहरूलाई देखाउने र पुँजीको स्रोत र उपयोगलाई देखाउने भएकोले यसलाई Statement of OWE and OWES पनि भनिन्छ ।

–यो मूलतः सम्पत्ति = दायित्व + पुँजी हुनुपर्दछ भन्ने Accountingसिद्धान्त अनुरूप बनाइन्छ । जसका शीर्षकहरूलाई कित तरलताको आधरमा कित स्थिरताको आधारमा बनाइन्छ ।

–वासलात बनाउँदा सामान्य संस्थाले Company ACT 2063 अनुसार र संस्थाको नीयामक निकायले प्रस्तुत गरेको Statectory formate भए सोहि वमोजिम र नभएमा NAS, NFRS, IAS, IFRS अनुसार तयार गर्नुपर्दछ । नेपालमा BFIS ले राष्ट्र बैंकले तोकेको Formate अनुसार नै तयार गर्नुपर्ने हुन्छ । जुन NRB Directive on 4 मा उल्लेख गरिएको छ ।

## वाणिज्य बैंकको वासलातको दायित्वतर्फ रहेका मुख्य शीर्षकहरू

### (a) Share capital

संस्था सञ्चालनको प्रमुख आधारको रूपमा व्यवसायका मालिकले लगानी गरेको रकम वा Capital लाई लिने गरिन्छ । सामान्यतया वासलातमा राखिने पुँजी, चुक्तापुँजी हो । Capital अर्न्तगत Authorized capital, inssued capital called up capitalर Paid up capitals पर्दछन् ।

### (b) Reserve and surplus

संस्थाले वर्तमान समयमा कमाएर संस्थामै राखेका नाफाहरू जसलाई अकस्मिक र विशेष प्रयोजनका लागि उपयोग गरिन्छ जसअन्तर्गत general reserve and fund Special reserve p/L Approprration (surplace and defictt) पर्दछन् ।

### (c) Longterm loan

एक वर्षभन्दा बढी भुक्तानी अवधी हुने Bank loan, long-term debt securites आदि यस अन्तर्गत पर्दछन् ।

### (d) Current liabilitles

१ आर्थिक वर्ष भित्र भुक्तानी गर्ने मनसाय भएका Short-term loan, financial instrument, Bills payable, notes payble र Overdraft जस्ता शीर्षकहरू यस अन्तर्गत पर्दछन् ।

### निष्कर्ष,

संस्थाको ऐना मानिने वासलातले संस्थाको वित्तीय हैसियत तथा स्वास्थ्य प्रस्तुत गर्दछ र यसैको आधारमा संस्थाको मूल्याङ्कन संस्थाको भावी योजना निर्माण लगानी कर्तालाई लगानी छनौट गर्ने अवसर, सेयरहोलडरलाई व्यवसायको स्थिति थाहा पाउन सहयोग पुग्दछ । यो वास्तविक यर्थातपरक Non-manipulated ,Non-Coindodressing आदि बनाउन चुनौती रहेको देखिन्छ ।

## 16.वासलात भन्नाले के बुझिन्छ ? बैंकको वासलातमा उल्लेख हुने सम्पत्ति र दायित्व वारे प्रकाश पार्नुहोस् । 10 marks

व्यवसायको आर्थिक स्थिति स्पष्ट पार्नको लागि तयार पारिने वित्तीय विवरणलाई वासलात भनिन्छ । व्यवसायमा रहेका सम्पत्ति दायित्व तथा पुँजीको आधारमा व्यवासयको आर्थिक स्थिति रूपान्तरण हुने हुँदा वासलातमा समावेश हुने विवरणहरू समेत सम्पत्ति दायित्व तथा पुँजी सम्बन्धिको अवस्था देखाउन विवरण पत्रका रूपमा वासलातलाई लिइन्छ ।

वासलात कुनै एक निश्चित दिनको लागि तयार गरिन्छ । यसमा नाफा नोक्सान खातामा जस्तो डेविट र क्रेडिटको व्यवस्था हुँदैन । बैंकको वासलाताम उल्लेख हुने सम्पत्ति र दायित्व बारेमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सम्पत्ति तर्फ**

-Cash and cash equivalent
-Due from NRB
-Placement with BFIS
-Derivative financial instrument Other trading assets
-Loan and advance to BFIS
-Loan and advance to customers
-Investment securities
-Current tax assets
-Investment in subsidiaries
-Investment in associates
-Investment property,
-Property and equipment
-Goodwill and intangible assets
-Differred tax assets
-Other assets

**दायित्व तथा पुँजी तर्फ**

-Due to BFIS
-Due to NRB
-Derivative financial instrument
-Deposit form customers
-Borrowing
-Current tax liability
-Provision
-Defferred tax liabilities
-Other liabilities
-Debt securities issued
-Sub-ordinated liabilities
-Share capital
-Share priemium
-Retain earning
-Reserve

**निष्कर्ष,**

पुँजीगत प्रकृतिका कारोवारहरूको समायोजन पछि तयार पारिने वित्तीय विवरण वासलात हो । बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले जारि गरेको एकीकृत निर्देशिका वमोजिमको ढाँचामा वासल तयार पार्ने गर्दछन् ।

उदाहरणको लागि LC बापतको रु. १ करोड दाबी भुक्तानी गर्नुपरेमा ग्राहकको नाममा Force Loan खडा गरेर सम्बन्धित पक्षलाई रकम तिरिन्छ र त्यसलाई वासलातको Loan to Customer मा राखी बैंक Balance बाट हटाउने गरिन्छ ।

**निष्कर्ष,**

यसरी बैंक तथा वित्तीय संस्थाको Agency Function अर्न्तगत रहेको Off Balance Sheet कारोवार माथि उल्लेखित चरणहरू पूरा गरी लेखांकन राख्ने गरिन्छ ।

**18. वासलात (Balance sheet) संस्थानको समग्र वित्तीय स्थितिको ऐना हो यस भनाईलाई उदाहरण सहित पुष्टी गर्नुहोस् । 10 marks**

कुनैपनि संस्थाको निश्चित समय विन्दुको सम्पत्ति, पुजि र दायित्वलाई देखाएर तयार पारिने वित्तीय विवरण नै balance sheet हो लेखा समिकरण अनुसार तयार हुने balance sheet लेखासमितको वित्तीय स्वास्थ्य समेत देखाउनेहुँदा यसलाई financial position indicator समेत भनिन्छ ।

**वासलातले संस्थानको निम्नलिखित महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।**

-ऋणतिर्न सक्ने क्षमताको विश्लेषण गर्दछ,
-खुद पुँजि पत्ता लगाउछ,
-वित्तीय अनुपात निकाल्न मद्दत गर्दछ,
-वित्तीय अवस्था विश्लेषण गरी सवल, दुर्बल पक्ष थाहाँ पाउँछ,
-लेखा परीक्षणलाई सजिलो गर्छ,
-आन्तरिक नियन्त्रणप्रणाली बलियो बनाउछ,
-वित्तीय अनुशासन कायम गर्दछ,
-सरोकार वालालाई सूचना प्रदान गर्दछ,

वित्तीय हिसावले जवाफदेहि र जिम्मेवार वनाउछ । माथि उल्लेखित बुँदाहरू प्राप्त गर्न वासलातले महत्वपूर्ण भूमिका खेल्ने भएकोले वासलातलाई समग्र वित्तीय स्थितिको ऐना हो भन्न सकिन्छ ।

नाफा नोक्सन खाता

कुनै पनि संस्थाको निश्चित समय अवधिमा भएका आम्दानी खर्च फाइदा तथा घाटालाई देखाएर तयार परिने तथा आयगत प्रकृतिका कारोबार समेटिने एक प्रकारको सांकृतिक खातालाई नाफा नोक्सान खाता भनिन्छ ।

**महत्व**

संस्था सञ्चालनबाट सिर्जना हुने कुल नाफा वा खुद नोक्सान निर्धारण गर्नु नाफा नोक्सान खाताको मुख्य महत्व रहेको हुन्छ भने यसका अन्य महत्व लाई निम्न बुँदा बाट प्रकाश पर्न सकिन्छ,

-विभिन्न समयाबधिको नाफा र लागतको तुलना गर्न मद्दत गर्दछ,

-नाफा योग्यता सम्बन्धि विभिन्न अनुपातहरू निर्धारण गर्दछ,

-खर्चनियन्त्रणमा सहयोग पुऱ्याउदछ,

-वासलात तयार गर्नमा सहयोग पुऱ्याउदछ,

-लेखा चक्रलाई पूर्णता प्रदान गर्दछ,

-वित्तीय विवरणलाई पूर्णता दिन्छ,

| कुल नाफा | खुद नाफा |
|---|---|
| कुनै पनि वस्तु वा सेवाको खरिद मूल्य र विक्रि मूल्यको फरकलाई कुल नाफा भनिन्छ, | कुल नाफा र अप्रत्यक्ष खर्चहरूको फरकलाई खुद नाफा भनिन्छ । |
| यो व्यापार खाताबाट निकालिन्छ, | यो नाफा नोक्सान हिसाब खाताबाट निकालिन्छ । |
| यो वास्तविक नाफा होइन यसले समग्र मुनाफा देखाउँदैन । | यो वास्तविक नाफा हो, यसले समग्र मुनाफा देखाउदछ । |
| यसले लागत तथा विक्रि प्रभावकारीता देखाउदछ | यसले कार्य सञ्चालन प्रभावकारीता देखाउदछ |
| यो नाफालाई नाफा नोक्सान खातामा Transta गरिन्छ । | खुद नाफालाई Balance sheet मा हस्तान्तरण गरिन्छ |
| सम्पूर्ण आम्दानी र खर्चको प्रतिनिधित्व नगर्ने हुंदा यसले व्यवसायको यथार्थ सञ्चालन अवस्था व्यक्त गर्न सक्दैन । | सम्पूर्ण आम्दानी र खर्चको प्रतिनिधित्व गर्ने हुंदा यसले व्यवसायको यथार्थ नाफा नोक्सानको स्थिति कुल्यांकन गर्नमा खुद नाफाले मद्दत गर्दछ । |

## 17."वासलात बाहिरको कारोबार" भन्नाले कस्तो कारोवारलाई बुझाउँदछ ? नेपालको बैंकिल क्षेत्रमा यस्ता कारोबारहरूलाई वासलात तयार गर्दा कसरी सम्बोधन गरिन्छ ? 10 marks

**वासलात बाहिरको कारोबार,**

कारोबारको सिलसिलामा तत्काल नगदको प्रवाह नहने तर भविष्यमा नगद भुक्तानी गर्ने वा दायित्व वहन गर्ने प्रतिबद्धता जारी गरेर भएका आर्थिक गतिविधिलाई वासलात बाहिरको कारोबार सम्झनु पर्दछ । यसलाई Non-funded Transaction तथा भैपरी आउने दायित्व समेत भनिन्छ । यस्तो कारोबारलाई BFIs ले कमिशन आम्दानी प्राप्त गर्ने गर्दछन् ।

### बैंकिङ क्षेत्रमा वासलात बाहिरका कारोबारलाई कसरी सम्बोधन गरिन्छ त ?

दोहोरो लेखा प्रणालीको सिद्धान्तको प्रयोग नहुने तर आर्थिक तथा मौद्रिक मूल्य उल्लेख हुने Letter of Credit, Bank Guarantee जस्ता वासलात बाहिरका कारोबारको लेखांकन विधिलाई निम्नानुसार सम्बोधन गर्न सकिन्छ :

–डेबिट तथा क्रेडिटको नियम लागू गरेर Journal, Voucher तथा Ledger बनाउन नसकिने भएकोले वासलात बारिहको कारोबारलाई टिप्पणीको रूपमा वासलात भन्दा बाहिर देखाउने गरिन्छ ।

–यदि तोकिएको समयमा प्रतिबद्धता अनुसार दाबी भुक्तानी गर्नु परेन भने त्यसलाई समय सकिएपछि वासलात बाहिरको अभिलेखनबाट हटाइन्छ ।

–यदि प्रतिबद्धता बमोजिम बैंकले रकम तिर्नु परेमा त्यसको Journal Voucher बनाई Ledger मा Posting गरेर सन्तुलन परीक्षणको बाटो हुँदै कारोबारलाई वासलातभित्र देखाउने, वासलात भित्र राखिसकेपछि त्यस्ता प्रतिबद्धतालाई वासलात बाहिरबाट हटाउनु पर्दछ ।